# लोक सेवा आयोग

अनामनगर, काठमाडौं

## पि.सि.आर.परीक्षण रिपोर्ट सहित सहभागी हुने सम्बन्धी

# अत्यन्त जरुरी सूचना

मिति २०७७ साल जेठ १९ गतेको निर्णयवाट विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक/प्राविधिक) विभिन्न पदका विज्ञापनहरुको द्धितीय चरणका परीक्षा एवं अन्तर्वार्ता कार्यक्रमको नयाँ कार्यतालिका यसअघि सार्वजनिक गरिसकिएको छ ।

सो अनुसार मामिला प्रस्तुतिकरण तथा अन्तर्वार्ता कार्यक्रममा सहभागी हुने उम्मेद्वार मध्ये काठमाडौं उपत्यका वाहिर कार्यरत रहेका वा काम विशेषले लकडाउन अवधिमा उपत्यका वाहिर गै आएका उम्मेदवारहरुले अन्तर्वार्ता अगावै आफ्नो **कोभिड-१९ पि.सि.आर. परीक्षण** गराई सोको **सक्कल रिपोर्ट** आयोगको केन्द्रीय कार्यालयको **अन्तर्वार्ता तथा सिफारिस शाखामा** अनिवार्य वुझाउनु हुन संवन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

स्वास्थ्य परीक्षण गराउन कुनै कठिनाई आईपरेमा आयोगका उपसचिव श्री सन्तोषप्रसाद दाहाल (मोवाईल नं. ९८५१०९६११८) मार्फत सहजीकरण हुने व्यहोरा समेत अनुरोध छ ।

**२०७७ साल जेठ २० गते, मंगलवार**

............................................

**(देवी प्रसाद सुवेदी)**

सूचना अधिकारी